


वर्ष २६ । अङ्क १३५ । वि.सं. २०७४ पुस ५ बुधबार । 20 December 2017, Wednesday । मूल्य रु. ३/- । पृष्ठ ४ । www.bibechana.com

# दैनिक विवेचना

BIBECHANA DAILY

तपाईंको क्षेत्र, तपाईंकै अखबार

इपीएलमा पारसले हराए ज्ञानेन्द्रलाई ४



## के हुँदै छ गुन्डा नाइकेहरुको सम्पत्ति शुद्धीकरणको मुद्दा ?

**झापा, पुस ४ ।** राजधानीमा आपराधिक क्रियाकलाप गरी गैरकानुनी सम्पत्ति आर्जन गरेको आरोपमा सम्पत्ति शुद्धीकरणको मुद्दा खेपिरहेका गुन्डा नाइकेमध्ये राजीव गुरूङ (दीपक मनाङे) प्रदेशको सांसद भइसक्दा अन्य भने विशेष अदालतमा फैसलाका लागि धाइरहेका छन् ।

मनाङेले विशेष अदालतबाट भदौ ५ गते सम्पत्ति शुद्धीकरणको मुद्दाबाट सफाइ पाएका थिए । एकै दिन मुद्दा खेपेका अन्य चारजना गुन्डा नाइकेहरूको अन्तिम सुनुवाई चलिरहेको छ । गैरकानुनी रूपमा सम्पत्ति आर्जन गरेको अभियोग लागेका दीपक मनाङे, चक्रे मिलन, गणेश लामा, पर्शुराम बस्नेत र अभिषेक गिरीविरूद्ध चार वर्षअघि सम्पत्ति शुद्धीकरण मुद्दा दायर गरिएको थियो ।

कुनै समय मनाङेकै सहयात्री रहेका र पछि परस्परका दुश्मन बनेका चक्रे मिलनको अन्तिम सुनुवाई मंगलबारबाट सुरू भएको छ । न्यायाधीशहरू द्वारिकामान जोशी, चण्डीराज ढकाल र नारायणप्रसाद पोखरेलको इजलासमा सुरू भएको छ । एक महिनाभित्र चारै अभियुक्तको मुद्दा फैसला हुने क्रममा रहेको विशेष अदालतका रजिष्ट्रार भीमप्रसाद श्रेष्ठले बताए । न्यायाधीशले फैसलाका लागि बहस नोट माग्ने क्रम र केही व्यक्तिको अन्तिम बहस सुरू भएको श्रेष्ठले बताए ।

कुनै समय काठमाडौँलाई आधार क्षेत्र बनाएर आपराधिक क्रियाकलापमा संलग्न हुँदै राजनीतिमा अवतरण गरेका मनाङे मनाङको प्रदेश 'क' बाट सांसद बनिसकेका छन् । उनले सफाइ पाए पनि सम्पत्ति शुद्धीकरण मुद्दा खेपिरहेका अन्य चारजना भने अन्तिम सुनुवाईको पालो पर्खेर बसेका छन् ।

अर्थ मन्त्रालय मातहत रहेको सम्पत्ति शुद्धीकरण विभागले पाँचजना गुन्डा नाइकेको सम्पत्तिबारे अनुसन्धान गर्दै ०७० जेठ ५ मा विशेष अदालतमा मुद्दा दायर गरेका थियो । गुन्डा नाइकेहरूको अवैध सम्पत्तिबारे अनुसन्धान गर्न र मुद्दा अदालतसम्म पुर्‍याउन चार वर्ष लागेको थियो ।

विभागसँगको समन्वयमा नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी) ले सबैको सम्पत्ति विवरणको अनुसन्धान गरेको थियो । अनुसन्धानमा गणेश लामाको सम्पत्तिको लामो फेहरिस्त देखिएको थियो । लामा र उनको परिवारका नाममा विभिन्न कम्पनी, पेट्रोल पम्प र जग्गामा प्रशस्त लगानी रहेको देखिएको थियो ।

लामाको नाममा काठमाडौँ, भक्तपुर र ललितपुरमा २ सय ५ रोपनी जग्गाका साथै २७ करोड अवैध सम्पत्ति रहेको दाबी गरिएको थियो । त्यस्तै, पर्शुराम बस्नेतका सहयोगी मुकेश बस्नेतको नाममा मोरङमा ४२ रोपनी जग्गा, तीनवटा गाडी, एडजोन एडभर्टाइजिङ, पिआर हार्डवेयर, बगलामुखी बिल्डर्स, गजलक्ष्मी ट्रेड, मेरो ट्राभल्स, वेलकम पार्टी प्यालेस र टेकेन्द्र निर्माण सेवा लगायतमा लगानीसहित ११ करोड अवैध सम्पत्ति रहेको अभियोग छ ।

चक्रे मिलनको नाममा काठमाडौँमा सात आना जग्गा र उनको परिवारका नाममा काठमाडौँ र गोरखामा करिब ३० रोपनी जग्गा गरी ७ करोड र अर्का गुन्डा नाइके गिरीको नाममा २ करोड ९४ लाखको अवैध सम्पत्ति रहेको दाबी गरिएको थियो ।

आपराधिक गतिविधि गरेर अकुत सम्पत्ति आर्जन गरेको मुद्दामा 'गुन्डा नाइके' मनाङेको सम्पत्ति भने विभागले गरेको दाबीअनुसार नभएको ठहर विशेष अदालतले गरेको थियो । विशेषले उनीसँगै श्रीमती पासाङ डोमा गुरूङलाई समेत सफाइ दिएको थियो ।

ब्युरो र विभागले मनाङेको नाममा १४

बाँकी पृष्ठ ४ मा

## सवारी दुर्घटनाका घाइतेको उपचार सरकारले निःशुल्क गर्ने

**झापा, पुस ४ ।** सरकारले सवारी दुर्घटनामा परेका घाइतेको उपचार निःशुल्क गर्ने तयारी गरेको छ । यस्तो प्रस्ताव मन्त्रिपरिषद् बैठकमा लैजाने तयारी भइरहेको स्वास्थ्य मन्त्रालयले जनाएको छ ।

दुर्घटनाका घाइतेको निःशुल्क उपचार व्यवस्था मिलाउने प्रस्तावलाई सैद्धान्तिक सहमतिका लागि मन्त्रिपरिषद् बैठकमा लैजान लागेको मन्त्रालयका निमित्त सचिव डा. पुष्पा चौधरीले बताइन् । उनले भनिन्, 'रोड ट्राफिक हस्पिटल केयर' कार्यक्रमअन्तर्गत छुट्टै सामाजिक सुरक्षा कोष व्यवस्था गर्ने तयारी छ ।'

पेट्रोलियम पदार्थ बिक्रीको थोरै प्रतिशत कोषमा जम्मा गरी सवारी दुर्घटनाका घाइतेको उपचारको व्यवस्था मिलाउने सरकारी तयारी छ । यसका लागि प्रतिलिटर पेट्रोल तथा डिजेल बिक्रीबाट एक पैसा कोषमा जम्मा गर्ने प्रस्ताव गरिएको स्वास्थ्य मन्त्रालयले जानकारी दिएको छ ।

मन्त्रालयका चिकित्सा सेवा महाशाखा प्रमुख डा. भोलाराम श्रेष्ठले दुर्घटनापछिको उपचार खर्चिलो हुने भएकाले घाइतेलाई सहुलियत होस् भनेर यस्तो प्रस्ताव गरिएको बताए । तत्काल उपचारका लागि चिकित्सकसहितको मोबाइल रेस्क्यु टोलीको पनि व्यवस्था गरिने उनले जानकारी दिए । 'दुर्घटना भएको थाहा पाउनासाथ चिकित्सक घटनास्थलमै गई सामान्य उपचार गर्ने र थप उपचारका लागि सुविधासम्पन्न अस्पतालमा सुरक्षित ढंगले पठाइनेछ,' उनले भने ।

मन्त्रिपरिषद्बाट प्रस्ताव पास भएपछि कोष खडा गर्ने र अन्य काम अगाडि बढाइने उनले बताए ।

## विद्यार्थी कुट्ने शिक्षकविरुद्ध अभिभावकको उजुरी

**दमक, पुस ४ ।** झापाको दमकमा रहेको गायत्री विद्या पीठमा अध्ययनरत १४ वर्षीया छात्रामाथि विद्यालयका शिक्षकले अमानवीय व्यवहार गरेको भन्दै छात्राका परिवारले प्रहरीमा उजुरी गरेका छन् ।

दमक–५ कि छात्रा कुसुम निरौलालाई विद्यालयका कम्प्युटर पढाउने शिक्षक प्रणय दूधराजले मरणासन्न हुनेगरी पिटेपछि परिवारले विद्यालयविरूद्ध उजुरी जहेरी गरेका हुन् । गत मंसिर २७ गते विद्यालयमा सोधेको प्रश्नको जवाफ नदिंदा शिक्षकले दुर्व्यव्यहार गर्दै मराणसन्न हुनेगरी पिटेको विद्यार्थीका बुबा अच्युत निरौलाले बताए ।

विद्यार्थीलाई मराणासन्न हुनेगरी

बाँकी पृष्ठ ४ मा



### खासखुस

" आफ्नो जिद्दीपनमा अड्डी कस्दै भविष्य नहेर्ने एक युवाको कारण लाखौं लगानी खरानी भएपछि उनको व्यवसाय शंकाको घेरामा पर्दैछ अरे पो भन्छन् त !"

"हो र ?"

## रोटरियनले दिए विद्यार्थीलाई सामग्री

**श्रीअन्तु, पुस ४ ।** नेपालको रोटरी क्लब अफ विर्तामोड मिडटाउन र भारतको रोटरी क्लब अफ सिलिगुडी मिडटाउनका रोटरियनहरूबीच नेपालको पूर्वी पहाडी जिल्ला इलामको पर्यटकीय स्थल श्रीअन्तुमा परिचय आदानप्रदान मात्र भएन, उनीहरूले त्यहाँका दुई सामुदायिक विद्यालयको आधारभूत तहका झन्डै सय विद्यार्थीलाई जाडोमा लगाउने खालका विद्यालय जान मिल्ने लुगा र पाठ्यसामग्री वितरण गरेका छन् ।

स्थानीय जनक माविका १ देखि ५ कक्षासम्मका ५७ जना र कञ्चनजंघा प्राविका १ देखि ३ कक्षासम्मका ३७ विद्याथीलाई सामग्री वितरण गरिएको हो । दुबै स्कुलमा संक्षिप्त कार्यक्रम गरी विद्यार्थीलाई रोटरी क्लब अफ बिर्तामोड मिडटाउनका अध्यक्ष अरविन्द अग्रवाल, रोटरी क्लब अफ सिलिगुडी मिडटाउनका अध्यक्ष आशिष गुप्ता, नेपाल

बाँकी पृष्ठ ४ मा

**भिजन हाउजिङ**

जग्गा खरिद बिक्री गर्नु परेमा सम्पर्क
९८५२६७७२२२/९८०२६७७२२२
९८०४९१७०५५

**मितेरी कान्तिपुर गेस्ट हाउस**

बिर्तामोड-७, पोख्रेल मार्केट, माथिल्लो तला

यहाँ उत्कृष्ट सजावटसहितको AC / Non AC Room व्यवस्था छ ।

हाम्रा अन्य सुविधाहरू

लोकल कुखुरा, खसी र हाँसको मासु । बासमती चामलको खाना गुन्द्रुकको अचार । थकाली खाना । माछा । सेकुवा तथा खाजाका विभिन्न परिकारसहित तपाईंको सेवामा समर्पित

पूर्वको हकमा मितेरी यातायात काठमाडौँदेखि काँकरभिट्टासम्म आवतजावत सुविधा उपलब्ध साथै टिकट बुकिङको सुविधा समेत उपलब्ध छ ।

सम्पर्क : 023-540260 | 9852671619 | 9851024432 | 9842099183

**प्रदीप फार्मेसीमा गर्भवती महिलालाई निःशुल्क भिडियो एक्सरे सेवा**

यस प्रदीप फार्मेसीमा गर्भवती महिलाका लागि यही पुस १० गतेसम्म निःशुल्क भिडियो एक्सरे सेवा प्रदान गरिने भएको हुँदा मौकाको फाइदा उठाउनुहोस् ।

दैनिक भिडियो एक्स–रे सेवा बिहान ८ देखि बेलुकी ५ बजेसम्म

रेडियोलोजिस्ट
डा. प्रमोदकुमार शाह

**प्रदीप फार्मेसी**
बिर्तामोड । ०२३-५४३७९५

**नेल आर्ट र व्यूटीसियन ट्रेनिङमा निः शुल्क भर्ना**

CTEVT बाट मान्यताप्राप्त २३ वर्षदेखि नेपालकै एक मात्र अन्तर्राष्ट्रिय व्यूटीसियन कोर्षहरुमा काठमाडौँका ब्यूटिसियनहरुद्वारा प्रशिक्षण गराइन्छ । Basic, Advance Diploma, Beautician , Teacher's Trainning, Nail Art Technician, Mehandi, Skin Care, Hair Cutting, Facial र अन्य विधि Short Special कोर्षहरुका सीमित सिटमा रोजगारीको अवसरसहित भर्ना खुल्यो ।



नोट : UK, America, Australia, Europe तथा अन्य देशहरुमा स्टुडेण्ट तथा अन्य भिषामा जानेहरुका लागि विशेष कोर्ष सञ्चालन भइरहेका छन् ।

**ITC प्रशिक्षण केन्द्र**

शाखा : बिर्तामोड, शनिश्चरे रोड (०२३-५४६५२९, ९८४२१४२७७३)
डिल्लीबजार हुलाक अगाडि ०१-४४१३९५८, शाखा इटहरी धरानरोड ( ०२५-५८७१७५)

Study in Australia
DIPLOMA | BACHELORS | MASTERS

One-To-One Counselling Session



BIRTAMOD
Date: 9th & 10th Poush 2074
Time: 10:00 AM to 5:00 PM
Venue: Genuine Office, Birtamod

Counselling by
Suman Deuja (Sam Nepali)
Counsellor and Australian Migration Agent (1685946)
CEO, Genuine Education

ECU · Southern Cross University · USC · Charles Darwin University · Victoria University · Federation

GENUINE EDUCATION AND VISA SERVICES

BIRTAMOD 9852671146, 9804994555

**कर्मचारी आवश्यकता**

बुद्धशान्ति–३ मा रहेको यस सुकर्म बचत तथा ऋण सहकारी संस्थाका लागि कर्मचारी आवश्यकता भएकाले योग्यता पुगेका इच्छुकले सम्पर्क राख्नुहोला ।

पद : **बजार प्रतिनिधि** योग्यता : एसएलसी पास

कार्यक्षेत्र : होक्से, नमुना, भोटेटार

आवश्यक कागजात : हस्त लिखित निवेदक, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, २ प्रति फोटो

**सुकर्म बचत तथा ऋण सहकारी संस्था लि.**
बुद्धशान्ति–३, झापा । फोन : ०२३–५५५४०९

द.न.३/१/३ (३१) २०५०/०५१ (डि.स.का. झापा)

**नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि. झापा**
(NMC-COOP)
प्रधान कार्यालय : मेचीनगर–६, काँकरभिट्टा

### शिलबन्दी कोटेसन आह्वान

प्रथम पटक प्रकाशित मिति : २०७४/९/५

यस संस्थाका लागि तपशिल विवरण अनुसारको सामग्री आवश्यकता परेको हुँदा सेवा प्रदायक कम्पनीबाट न्यूनतम दररेट सहितको शिलबन्दी कोटेसन आह्वान गरिन्छ ।

**सामग्रीको विवरण :**

१. EBSO4 Projector (Minimum 2years Warrenty)
Quantity = 8 pics

नोट : १) कोटेसन पठाउँदा खामबन्दीसहित संस्थाको प्रधान कार्यालय, काँकरभिट्टामा दर्ता गर्नुपर्नेछ ।

२) कोटेसनमा उपलब्ध गराउने सामानको ब्राण्ड, मोडल नम्बर, सामानको स्पेसिफिकेसन, भ्याट शुल्क, वारेण्टी, डेलिभरी शुल्क अनिवार्य उल्लेख गर्नुपर्नेछ ।

३) कोटेसनमा सामान उपलब्ध गराउन सकिने मिति अनिवार्य उल्लेख गर्नुपर्नेछ ।

४) कोटेसन पेश गर्ने अन्तिम मिति २०७४ पुस ११ गते मंगलबारसम्म तोकिएको छ ।

५) इमेलबाट प्राप्त कोटेसनलाई स्वीकार गरिने छैन ।

६) कोटेसनसँग सम्बन्धी अन्तिम निर्णय संस्थामा निहित रहनेछ ।

७) उपलब्ध गराउने सामानको पूर्ण विवरण उल्लेख नगरिएको कोटेसन मान्य हुने छैन ।

– वरिष्ठ प्रबन्धक

### शिक्षक पदपूर्ति सम्बन्धी सूचना

यस देवी माध्यमिक विद्यालय बिर्तामोडमा रिक्त हुन आएको माध्यमिक तह (राहत) अंग्रेजी विषयको दरबन्दीमा शिक्षक करार नियुक्ति गर्नका लागि जिल्ला शिक्षा कार्यालय झापाको च.नं. ९४५ – २०७४/०७५ को अनुमति पत्र तथा वि.व्य.स. बैठक २०७४ पुस ३ को निर्णय बमोजिम प्रचलित शिक्षा ऐन नियमानुसार शिक्षक सेवा आयोगबाट प्रकाशित करार सूचीका उम्मेदवारहरुका लागि ७ दिनको समय दिई तपसिल बमोजिमको विज्ञापन गरिएकाले योग्यता पुगेका नेपाली नागरिकबाट दरखास्त आह्वान गरिएको छ ।

विज्ञापन नं. : ०१–२०७४/०७५

पद : **माध्यमिक तह राहत** पद संख्या : एक विषय : **अंग्रेजी**

आवश्यक शैक्षिक योग्यता : मूल विषय अंग्रेजी लिई स्नातक तह उत्तीर्ण

**आवश्यक कागजातहरु :**
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
- मावि तहको स्थायी अध्यापन अनुमति पत्रको प्रतिलिपि
- शैक्षिक योग्यता प्रमाणपत्रको प्रतिलिपी
- पासपोर्ट साइजको फोटो १
- करार सूचीमा नाम रहेको विवरण प्रतिलिपी

दरखास्त दस्तुर : १०००/– (एक हजार)

दरखास्त दिने अन्तिम मिति : २०७४ पुस ११ गतेसम्म विद्यालय समयभित्र
(शिक्षक सेवा आयोगको करार सूचीमा रहेको उम्मेदवारहरुका लागि)

सम्पर्क मिति : २०७४ पुस १२ गते बिहान ११ बजे

तलब स्केल : प्रचलित स्केल अनुसार

अम्बिका श्रेष्ठ
प्रधानाध्यापक
**देवी मावि, बिर्तामोड**

**शिवसताक्षी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
ब्याङ्डाँडा, झापा (१ नम्बर प्रदेश, नेपाल) । फोन नं. ०२३-४७०३२३

### कन्काई माईमेला ठेक्का सम्बन्धी सूचना

*प्रथम पटक प्रकाशित मिति: २०७४/०९/०५*

यस शिवसताक्षी नगरपालिका कार्यालयको मिति २०७४/०९/०२ गते बसेको राजश्व परामर्श समितिको बैठकको निर्णय तथा जिल्ला प्रशासन कार्यालय झापाको च.नं. ३६९४ मिति २०७४/०९/०३ को प्राप्त अनुमति पत्र अनुसार यसपटक पनि मिति २०७४/०९/२८ गतेदेखि मिति २०७४/१०/०२ गतेसम्म कन्काई माई धार्मिक मकर मेला ठेक्का सम्झौताद्वारा लगाइने निर्णय भएको हुँदा ठेक्का लिन चाहने फर्महरुले निम्न बमोजिमको शर्त बन्देजमा रही बोलपत्र खरिद गरी गोप्य सिलबन्दी बोलपत्र पेस गर्नुहुन सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

शर्तहरू :

१. कन्काई माई धार्मिक मकर मेलाको न्यूनतम कबोल अंक १३ प्रतिशत भ्याटसहित रु. ८,००,०००।०० (आठ लाख रुपैयाँ मात्र) हुनेछ ।
२. ठेक्काको कबोल अंक र अक्षरमा स्पष्ट उल्लेख गरी बोलपत्रदाताले नाम ठेगाना लेखी सही छाप गरी निवेदन संलग्न राखी दर्ता गराउनु पर्नेछ ।
३. रु. १०००।०० (फिर्ता नहुने गरी)मा कार्यालयबाट बोलपत्र खरिद गरी बोलपत्र सूचना प्रकाशित मितिले १५ दिनभित्र मिति २०७४/०९/१९ सम्ममा कार्यालय समयमा खरिद गरी २०७४/०९/२० गते दिनको १२ बजेसम्ममा कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ । बोलपत्र खरिद र दर्ता हुने दिन सार्वजनिक बिदा पर्न गएमा कार्यालय खुलेको दिन दिनको १२:०० बजेसम्म खरिद र दर्ता गरिनेछ ।
४. बोलपत्र मिति २०७४/०९/२० गते २ बजे खोलिनेछ । उक्त दिन सार्वजनिक बिदा पर्न गएमा कार्यालय खुलेको दिन दिनको १२:०० बजे खोलिनेछ ।
५. फर्मको स्थायी लेखा नं. प्रमाणपत्रको प्रतिलिपि, नवीकरण इजाजत पत्रको प्रतिलिपि, कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि (आ.व. २०७३/०७४), मूल्य अभिबृद्धि कर प्रमाणपत्रको प्रतिलिपि बोलपत्र फारमसहित पेश गर्नुपर्नेछ ।
६. बोलपत्रसाथ आफूले कबोल गरेको ५ प्रतिशत धरौटी बापतको रकम धरौटी खाता नं. २२१०३०३००७१०२ रा.वा. बैक भद्रपुर शाखाको खातामा जम्मा गरेको सक्कलै भौचर संलग्न राख्नु पर्नेछ ।
७. ठेक्का सम्बन्धी कुनै दस्तुर नेपाल सरकारलाई बुझाउनु परे ठेकेदार आफैंले बुझाउनु पर्नेछ ।
८. बोलपत्र खोल्ने दिन बोलपत्रदाता वा प्रतिनिधि उपस्थित हुनुपर्नेछ । उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्नेछैन ।
९. ठेक्का बक्यौता भएका व्यक्तिले बोलपत्र पेश गर्न पाउने छैन ।
१०. मेलामा हुने शान्ति सुरक्षा लगायत अन्य प्रशासनिक खर्चहरु ठेकेदार आफैंले बेहोर्नुपर्नेछ ।
११. ठेक्काबापतको सम्पूर्ण रकम सम्झौता गर्नु अगावै एकमुष्ठ बुझाउनु पर्नेछ ।
१२. म्याद नाघी आएका बोलपत्रहरुलाई समावेश गरिने छैन ।
१३. ठेक्का स्वीकृत गर्ने नगर्ने अधिकार नगरपालिका कार्यालयमा सुरक्षित रहनेछ ।
१४. उच्च जोखिम युक्त खेल संचालन गर्न, बाल श्रमको प्रयोग गर्न, प्रचलित कानुनले निषेध गरिएका कार्य तथा गतिविधि गर्न पाइने छैन साथै जिल्ला प्रशासन कार्यालय झापाको मेला अनुमति पत्रमा लेखिएको शर्तहरु अनिवार्य रुपमा पालना गर्नुपर्नेछ ।
१५. स्वीकृत ठेकेदारले आफूले कबोल गरेको ठेक्का अंक बराबरको रकम शिवसताक्षी नगरपालिका कार्यालयमा आई नगदी रसिद काटी जम्मा गरेको सक्कल रसिद पेश गरेपछि मात्र ठेक्का संचालनको इजाजत दिइनेछ । सो नबुझाएमा धरौटीबापतको रकम जफत गरी ऐन नियम बमोजिम हुने व्यहोरा जानकारी गराइन्छ ।
१६. माथि उल्लेखितबाहेकका विषयमा कानुन वा नगरपालिकाको निर्णय अनुसार हुनेछ ।
१७. यसमा उल्लेख हुन छुट भएका कुराको हकमा नगरपालिकाले तोकेबमोजिम हुनेछ ।
१८. अन्य कुरा बुझ्नुपरेमा नगरपालिका कार्यालयमा आई सम्पर्क राख्न सक्नुहुनेछ ।

# उपाधिका लागि बिर्तामोड र पूर्वाञ्चल भेट्रान भिड्दै

**पाडाजुँगी, पुस ४ ।** झापाको कमल गाँउपालिका–५ स्थित गुहेश्वरी खेल मैदानमा जारी रहेको चौथो अन्तर्राष्ट्रिय भेट्रान फुटबल प्रतियोगिताको उपाधिका लागि बिर्तामोड र पूर्वाञ्चल भेट्रान क्लबबीच भिडन्त हुने भएको छ ।

मंगलबार सम्पन्न अन्तिम सेमिफाइनल खेलमा बिर्तामोड भारतको पाहुना टिम माल्दा सोनाली आतिथलाई शून्यका विरूद्ध १ गोल गरी फाइनलमा प्रवेश गरेको हो । बिर्तामोडका लागि ५७ वर्षीय खेलाडी गंगालाल गुरूङले ४० औं मिनेटमा निर्णायक गोल गरेका थिए । खेलको म्यान अफ दि म्याच बिर्तामोडका गुरूङ भए ।

यसैगरी, दोस्रो सेमिफाइनल खेलमा पूर्वाञ्चलले मोरङको राजघाट भेट्रान क्लबलाई १ का विरूद्ध ६ गोलको फराकिलो अन्तरले हराउँदै उपाधि नजिक पुगेको हो । विजेता टिमका तर्फबाट लक्ष्मी चौधरीले छैटौं मिनेटमा, सुजितकुमार राईले आठौं मिनेटमा र सुमन श्रेष्ठले क्रमशः ४, २७, ३८ र ५५ औं मिनेटमा गोल गरेका थिए । राजघाटका सञ्जीव बुढाथोकीले २० औं मिनेटमा सहानुभूति १ गोल फर्काएका थिए । सो खेलको म्यान अफ दि म्याच पूर्वाञ्चलका लागि सुमन श्रेष्ठले पाएका थिए ।

प्रतियोगितामा नेपालसहित बंगालादेशको बागोटा ओनाली अतिथ, भारतको सेनाली माल्दा अतिथ, केरलाको जिमखना फुटबल क्लब गरी १४ वटा टिम सहभागी थिए । प्रतियोगिताका विजेता, उपविजेताले क्रमशः नगद १ लाख एक हजार १० र ४० हजार ४ सय ४ नगद, ट्रफी तथा प्रमाणपत्र प्राप्त गर्ने क्लबका अध्यक्ष भोजकुमार राईले जानकारी दिए ।

# दैविक प्रकोप र हात्तीपीडितलाई सहयोग गरिने

**अर्जुनधारा, पुस ४ ।** अर्जुनधारा–१ स्थित हलुवागढ सामुदायिक वन उपभोक्ता समूहको खण्ड–४ मा रहेको कालीखोलामा पर्ने निर्माणधीन पर्यटकीय क्षेत्रमा बसेको बोर्डको बैठकले दैविक प्रकोप पिडित र हात्तीपिडित नगरका नागरिकलाई राहत उपलब्ध गराउने निर्णय गरेको छ ।

प्रत्येक वडामा ४ वटा उपभोक्ता समिति गठन प्रक्रिया तत्काल अघि बढाउने, समिति गठन गर्दा वडाअध्यक्षसहित आम भेला गरी बहुमत जनप्रतिनिधिको सदस्यको उपस्थितिमा गठन गर्ने, दैविक प्रकोपअन्तर्गत प्रकृति हेरी २० हजार रकम राहत उपलब्ध गराउने मानवीय क्षर्ति भएमा पीडित परिवारलाई ५० हजार रूपैयाँ उपलब्ध गराउने निर्णय गरिएको जनाइएको छ ।

नगरबासीको दैविक प्रकोपबाट धनक्षति भएमा प्रहरीको मुचुल्कासहित वडाअध्यक्षको सिफारिसको आधारमा राहत उपलब्ध गराउने निर्णय भएको छ । हात्तीपिडित नागरिकलाई अनुगमन गरेर क्षतिको प्रकृति हेरी १० हजार राहत उपलब्ध गराउने निर्णय भएको प्रवक्ता सकुन्तला बराललले बताइन् । उनका अनुसार खुदुनाबारी क्षेत्रको फोहोरमैला व्यवस्थापनसहित अध्ययन र अवलोकनका लागि वडाअध्यक्ष गजाधर खतिवडा, रघुनाथ खनाल, जीवनकुमार भण्डारी, नगरका खरिदार खगेन्द्र लिङ्देनलाई तोकिएको छ ।

त्यस्तै, नगर प्रमुखको संयोजकत्वमा नगरस्तरीय अनुगमन समिति गठन गर्ने, समिति सदस्यमा नगर उपप्रमुख कमला खतिवडा, प्रमुख प्रशाकीय अधिकृत राधाकृष्ण खतिवडा, पूर्वाधार विकास समिति, योजना सञ्चालन भएको सम्बन्धित वडाको अध्यक्ष रहनेछन् भने सदस्य सचिवमा योजना शाखा प्रमुख रहने निर्णय भएको बताइएको छ । कनकाई नगरपालिकाले आयोजना गर्ने लागेको अन्तर नगरस्तरीय कर्मचारी फुटबलमा सहभागी भई व्यवस्थापनका लागि ५५ हजार रूपैयाँ सहयोग उपलब्ध गराउने निर्णय भएको बराललले बताइन् । बैठकमा नगर प्रमुख हरिकुमार रानाले पूर्वाधार विकासको काम २ वर्षमा सम्पन्न गर्दै ऐतिहासिक धार्मिक स्थल सहित पर्यटनको विकास र समृद्धिमा जोड दिने बताए ।

बैठकमा हलुवागढ सामुदायिक वनका अध्यक्ष चक्र तामाङले निर्माणधीन पर्यटकीय क्षेत्र अर्जुनधारा नगरपालिकाको पनि गहना भएकाले सो क्षेत्रमा आउटलेट र इनलेटको निर्माणको काम गरिदिन आग्रह गरेका थिए । नगर प्रमुख रानाको अध्यक्षतामा सम्पन्न बैठकमा अर्जुनधारा नगरपालिकाका उपप्रमुख कमला खतिवडा, वडाअध्यक्षहरू गजाधर खतिवडा, रघुनाथ खनाल, जीवनकुमार भण्डारी, दुर्गा दाहाल, ध्यानबहादुर भारती, लोकनाथ गौतम, नवीन ढुङ्गना, गोपी गौतम, पुष्प प्रसाईं, बलदेव गोम्देन, भैरव खड्काले विषयगत कुरामा आआफनो विचार राखेका थिए । कार्यक्रमको सञ्चालन नगरका प्रमुख प्रशासकीय अधिकृत राधाकृष्ण खतिवडाले गरेका थिए ।

# तीन वर्षमा बनेन स्वास्थ्य केन्द्र भवन

**इलाम, पुस ४ ।** निर्माण सुरू भएको ३ वर्ष बितिसक्दा पनि भवन निर्माण सम्पन्न नहुँदा पूर्वी सिमावर्ती पशुपति नगरस्थित प्राथमिक स्वास्थ्य केन्द्रको सेवा प्रभावित भएको छ ।

पुरानो भवन जीर्ण बन्दा केन्द्रका लागि आएका अत्यावश्यक उपकरण राख्नसमेत समस्या छ । स्वास्थ्यकर्मी र कर्मचारी बस्ने स्थान जीर्ण अवस्थामा छ । दैनिक आउने सेवाग्राहीका लागि पनि पर्याप्त स्थान नपाएकाले उपचार गर्ने कठिन रहेको स्वास्थ्यकर्मीहरूको गुनासो छ ।

अहिले पनि राणा शासन कालमा १९८६ सालमा नै बनेका भवनमा उपचार सेवा सञ्चालन भइरहेको छ । नयाँ भवन निर्माणमा ठेक्का पाएको मिलेनियम देव एण्ड सायर कम्पनीले भने काम गरेकोसमेत रकम नपाएको बताएको छ । निर्माण कम्पनी र ठेकेदारको जेजस्तो सम्झौता रहे पनि तत्काल काम सकेर स्वास्थ्य सेवालाई प्रभावकारी बनाउनु पर्ने स्थानीयको माग छ ।

'उपचारमा आउनेको संख्या थपिँदै गएको भएता पनि भवन अभावमा समस्या भएको हो', अस्पताल व्यवस्थापन समितिका अध्यक्ष प्रमोद राईले भने, 'भवन नबनिएकै कारण यहाँका बासिन्दासँगै सबैले समस्या झेल्नु परेको हो ।' दार्जीलिङको राजनीतिक अस्थिरताका कारण पनि यो स्वास्थ्य केन्द्र पूर्वी इलामका दर्जनौ गाउँका बासिन्दाका लागि उपचारको एक मात्र थलो बनेको छ ।

२०६९ जेठ ११ गते क्वाटरसहितको अस्पताल भवन निर्माणका लागि ठेकेदार पक्षसँग सम्झौता भएको हो । तर, पटक/पटक म्याद थप गर्दा पनि भवन निर्माण पूरा हुन सकेको छैन । २०७० भदौमा सम्पन्न भइसक्नु पर्ने भवन नबन्दा स्थानीयले सास्ती पाएका हुन् । २०७३ पुस ३० गतेसम्म म्याद थप गरिए पनि भवन निर्माण पूरा भएन । सहरी विकास तथा भवन डिभिजन कार्यालयमार्फत निर्माणाधिन यो भवनका लागि यहि वर्षको चैतसम्म पुनः म्याद थप मागिएको छ । यो विषयमा भने कुनै कारबाही नभएको कार्यालयले जनाएको छ ।

'भवन निर्माण गर्नुपर्ने स्थानमा रहेको विद्युत् प्रशारण लाइन हटाउन मात्रै ३१ महिना लाग्यो', निर्माण कम्पनीका प्रमुख डम्बर गदालले भने, 'त्यहाँसम्म पुग्ने सडक स्तरीय नहुनु, अत्याधिक चिसोका कारण हिउँद याममा काम गर्न कठिन हुनु, भूकम्प र राजनीतिक उतारचढावका कारण पनि ढिलो भएको हो ।'

यी सारा अवरोध जान्दा–जान्दै रकम नदिइनुले समस्या भएको जनाउँदै उनले विनाहर्जना म्याद थप गर्नुपर्ने बताए । पाउनु पर्ने डेढ करोड रूपैयाँमध्ये करिब ७० लाखको काम भए पनि रकम भने नपाएको उनको भनाइ छ । जीर्ण भवनमा ओपीडीदेखि बर्थिङ सेन्टर, बिमा फार्मेसीलगायतका काम सम्पन्न गर्न कठिन रहेको अहेब राजु दंगालले जानकारी दिए ।

'क्वाटरको अवस्था पनि उस्तै छ', उनले भने, 'पुरूष बस्ने स्थानमा बाथरूम छैन । ट्वाइलेटको व्यवस्था पनि राम्रो छैन । दुई डाक्टरसहित १० जनाको स्वास्थयकर्मीको टिमलाई दैनिक कामकाज र बसोबासमा समस्या छ ।'

# सडक सुरक्षा सप्ताह मनाइने

**बिर्तामोड, पुस ४ ।** झापामा बुधबारबाट एक हप्तासम्म सडक सुरक्षा सप्ताह मनाइने भएको छ । नेपाल रेडक्रस सोसाइटी झापा, नेपाल प्रहरी र जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाको आयोजनामा सप्ताह मनाइने भएको हो ।

मंगलबार बिर्तामोडमा एक कार्यक्रम गरी सडक सुरक्षा सम्बन्धी जनचेतना र शिक्षामुलक गतिविधि गर्ने उद्देश्यले सप्ताह कार्यक्रम गर्न लागिएको रेडक्रस झापाका सभापति लोकराज ढकालले बताए । दमकदेखि काँकरभिट्टा र भद्रपुर आसपासका राजमार्गमा सडक सुरक्षा कार्यक्र गरिनेछ । सडक दुर्घटनाका मुख्य कारण कम गर्न जनचेतना प्रवाह गरी सडक प्रयोगकर्तामा सुरक्षित व्यवहार अपनाउन उत्प्रेरित गर्न गतिविधि गर्न लागिएको ढकालले बताए ।

सप्ताहमा प्राथमिक उपचार स्वयम्सेवक परिचालन गरी विद्यालय, समुदाय र चालक तथा सहचालकका लागि आकस्मिक प्राथमिक उपचार, सडक सुरक्षा सम्बन्धी सचेतना कक्षा, विद्यालयस्तरीय निबन्ध प्रतियोगिता, सन्देशहरू प्रवाह गरिनेछ ।

# वाणी माविको वार्षिकोत्सव सम्पन्न

**लखनपुर, पुस ४ ।** कमल गाँउपालिका–६ स्थित वाणी माध्यमिक विद्यालयले विभिन्न कार्यक्रम गरी ५२ औं वार्षिकत्सव मंगलबार सम्पन्न गरेको छ । तीन दिनसम्म शैक्षिक अतिरिक्त क्रियाकलाप, नृत्य ,खेलकुद, सम्मान लगायतका कार्यक्रम गरी वार्षिकोत्सव मनाएको हो ।

प्रदेशसभा सदस्य अर्जुन राईको प्रमुख आतिथ्यतामा भएको समापन कार्यक्रममा पूर्वअध्यक्ष, पूर्वप्रधनाध्यापक, दीर्घसेवी शिक्षक र चन्दादाताहरू गरी १०७ जनालाई सम्मान गरिएको थियो । त्यस अवसरमा फुटबलसहित विभिन्न प्रतियोगिताका विजेता विद्यार्थीलाई पुरस्कार तथा प्रमाणपत्र प्रदान गरिएको थियो ।

वार्षिकोत्सवका अवसरमा अभिभावकहरूबीच हन्डीफोर, म्युकिल चियरसहित फुटबल, नृत्य प्रतियोगिता समेत सम्पन्न भएको विद्यालयका शिक्षक भीमप्रसाद सापकोटाले बताए ।

वार्षिकोत्सव कार्यक्रममा भएको माविस्तरीय फुटबलमा मंगलमय पहिलो, वाणी दोस्रो, आधारभूत विद्यालयतर्फ हाजिरीजवाफमा सरस्वती मावि पहिलो, सहिद आधारभूत दोस्रो र मंगलमय मावि तेस्रो भएका थिए । त्यस्तै, एकल नृत्य प्रतियोगितामा वाणी पहिलो, मंगलमय दोस्रो र सरस्वती मावि तेस्रो भएको थियो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष अग्नि भट्टराईको अध्यक्षतामा भएको समापन कार्यक्रममा कमल गाँउपालिकाकी अध्यक्ष मेनुका काप्ले लगायतले बोलेका थिए ।

# पुस १५ मा दमक जेसीजको साधारणसभा

**दमक, पुस ४ ।** दमक जेसीजको यही पुस १५ गते ३७ औँ वार्षिक साधारणसभा हुने भएको छ । दमक जेसीजको सम्पन्न बोर्ड बैठकले आफ्नो साधारणसभाको मिति तय गरिएको महासचिव चन्द्र खत्रीले बताए ।

महासचिव खत्रीका अनुसार उद्घाटनपछि भोलिपटक नेतृत्वका लागि निर्वाचन कार्यक्रम राखिएको छ । साधारणसभाको उद्घाटन दमक–८ स्थित जेसीज सचिवालयको सभाहलमा हुने जनाइएको छ । साधारणसभाले दमक जेसीजको वर्ष २०१८ को नयाँ नेतृत्व समेत चयन गर्ने जनाइएको छ । नयाँ नेतृत्वका लागि दमक जेसीजमा सक्रिय महासचिव खत्रीले मुख्य दाबेदार प्रस्तुत गर्दै आएका छन् ।

यसैगरी, सिद्धार्थनगरको आतिथ्यतामा यही पुस ८, ९ र १० गतेसम्म हुने ४४ औँ राष्ट्रिय महाधिवेशनमा समेत दमक जेसीजले सहभागिता जनाउन ७ गते त्यसतर्फ जाने व्यवस्थापन संयोजक गोपाल गुरागाईंले बताए ।

# विद्यार्थीलाई स्वीटर प्रदान

**चारआली, पुस ४ ।** तारापुञ्ज बचत तथा ऋण सहकारी संस्था चारआलीले विपन्न विद्यार्थीलाई स्वीटर वितरण गरेको छ ।

संस्थाले आफ्नो १० औँ स्थापना दिवसको अवसर पारेर मेचीनगर १२ कालीझोडास्थित कालिका आधारभूत विद्यालयका ५० जना विपन्न विद्यार्थीलाई स्वीटर वितरण गरिएको हो । विगत वर्षदेखि नै स्थापना दिवसको अवसरमा विद्यालयमा शैक्षिक सामग्री वितरण गर्दै आएको संस्थाले यस वर्ष विद्यार्थीलाई न्यानो कपडा प्रदान गरेको हो ।

संस्थाका अध्यक्ष लेखनाथ पौडेलको सभापतित्व तथा समाजसेवी डिल्लीराम अधिकारीको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा व्यवस्थापन समितिका ज्ञानबहादुर थापा, संस्थाका व्यवस्थापक मोहन अधिकारी लगायतले मन्तव्य राखेका थिए ।

# ज्ञानेन्द्रमाथि पारस हावी, ६ रनको रोमाञ्चक जीत



**काठमाडौं, पुस ४ ।** एभरेष्ट प्रिमियर लिग क्रिकेटमा विराटनगर वारियर्सले ललितपुर प्याट्रियट्समाथि ६ रनको रोमाञ्चक जित निकालेको छ ।

नेपाली राष्ट्रिय टोलीका कप्तान र उपकप्तानले नेतृत्व गरेको टिमको भिडन्त थियो, जसमा पारस खड्काले बाजी मारे । उनको टिमले प्रस्तुत गरेको १५१ रनको लक्ष्य पछ्याएको ज्ञानेन्द्र मल्ल कप्तान रहेको ललितपुरले २० ओभरमा ४ विकेट गुमाएर १४४ रन मात्र बनाउन सक्यो । ललितपुरलाई अन्तिम ओभरमा १९ रन चाहिएको थियो र कुशल भुर्तेलले आक्रमक ब्याटिङ गरिरहेका थिए ।

तर, करण केसीको कसिलो बलिङ र विराटनगरको चुस्त फिल्डिङका कारण कुशलले टोलीलाई जित दिलाउन सकेनन् । यद्यपि उनले अन्तिम बलमा छक्का हानेका थिए । कुशल २१ रनमा अविजित रहँदा ओपनर पवन सरार्फले अर्धशतक बनाए । उनले ४७ बलमा ५१ रन बनाएका थिए ।

यसअघि पहिले ब्याटिङ गरेको विराटनगरले २० ओभरमा ६ विकेट गुमाएर १५० रन बनाएको थियो । उसका लागि अनिलकुमार साहले ४७ रन बनाए भने कप्तान पारसले ३८ र बाबर हायातले ३४ रन जोडे ।

## विद्यार्थी...

शिक्षकले पिटेपछि विद्यार्थीका परिवारले पीडित विद्यार्थीलाई उपचारका लागि लाइफ लाइन, सिलगुडी र बिर्तामोडको बिएन्डसी अस्पतालमा समेत राखेको विद्यार्थीकी आमा स्वस्तिका निरौलाले पत्रकार सम्मेलन गरी बताएकी हुन् ।

यसैबीच, विद्यालयले भने पीडित बनेकी छात्रालाई उपचारसहित आवश्यक सबै कामको जिम्मा लिने प्रतिक्रिया दिएको छ । विद्यालयकी सञ्चालिका पारिजात श्रेष्ठले गल्ती स्वीकार गर्दै पीडित विद्यार्थी कुसुमको जिम्मा लिने प्रतिवद्धता जनाएकी हुन् ।

## के हुँदैछ...

करोडभन्दा बढीको सम्पत्ति देखिएको र त्यसको स्रोत नखुलेको दाबी गर्दै विशेषमा मुद्दा दायर गरेका थिए । अभियोगपत्रमा मनाङेकी श्रीमतीका नाममा काठमाडौँमा करिब तीन रोपनी जग्गा र घर तथा नुवाकोटमा ७७ रोपनी १३ आना जग्गा रहेको, मनाङेको नाममा गोसाइकुण्ड क्रसर, ओम मल्टिपर्पोज, इच्छामाई र वेस्ट पोइन्ट ढुंगारोडामा गरी करिब ५० लाख सेयर लगानी रहेको र यी सबै लगानी उनले आपराधिक गतिविधिबाट आर्जन गरेको दाबी गरिएको थियो । तर, विशेषले यसबारे फैसला सुनाउँदै 'आरोप दाबी सप्रमाण पुष्टि हुन नसकेकाले प्रतिवादीले आरोप दाबीबाट सफाइ पाउने' उल्लेख गरेको थियो ।

## रोटरियनले...

उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य तथा बिर्तामोड मिडटाउनका पूर्वअध्यक्ष उमेश डालमिया, एक्सेल डेभलपमेन्ट बैंकका कार्यकारी प्रमुख तथा रोटरियन दिनेशकुमार पोखरेललगायतले पोशाक तथा सामग्री वितरण गरेको रोटरी क्लब अफ बिर्तामोड मिडटाउनका पूर्वअध्यक्ष सन्तोष अग्रवालले जानकारी दिए ।

कञ्चनजंघा विद्यालयमा साना बालबालिका दिउँसो सुत्ने र खेल्ने हुँदा केही सिरक डस्ना र खेलकुद सामग्री पनि प्रदान गरिएको कार्यक्रम संयोजकसमेत रहेका पोखरेलले जानकारी दिए । यसैगरी, श्रीअन्तुस्थित स्वास्थ्य चौकीलाई स्वास्थ्य सामग्री प्रदान गरिएको थियो । रोटरी सिलिगुडी मिडटाउनका अध्यक्ष गुप्ताले नेपालको पहाडी क्षेत्रमा आएर विपन्न परिवारका बालबालिकालाई सहयोग गर्न पाएकोमा निकै खुसी लागेको प्रतिक्रिया दिए । बिर्तामोडको एक्सेल बैंकले सामाजिक उत्तरदायित्वअन्तर्गत सो कार्यमा सहयोग पुर्‍याएको बैंकका कार्यकारी प्रमुख पोखरेलले बताए ।


## विवेचनाका ग्राहक तथा बजार प्रतिनिधिहरूका लागि सूचना

**विवेचना दैनिक २०७३ साउनदेखि पुनः प्रकाशन सुरु भई हालसम्म निरन्तर प्रकाशित हुँदै आएको छ । यसबीच विवेचना दैनिकको ग्राहक शुल्क कतिपय स्थानमा उठाउन बाँकी नै रहेको छ । आदरणीय ग्राहक तथा शुभचिन्तकहरुले विवेचनाको ग्राहक शुल्क बुझाउँदा विवेचना दैनिकको आधिकारिक स्टाम्प लागेको बिल अनिवार्य रुपमा बुझिलिनुहुन अनुरोध छ । र, विवेचनामा आबद्ध रहेर काम गरिरहनु भएका बजार प्रतिनिधि तथा वितरकहरुले विवेचना दैनिकको कार्यालयबाट ग्राहक रसिद लिई ग्राहकबाट रकम भुक्तानी लिँदा अनिवार्य बिल दिनुहुन सूचित गर्दछौँ । कहीं कतै बिना बिल ग्राहक रकम उठाइएको भए विवेचना दैनिकको कार्यालयमा सम्पर्क गरिदिनुहुन ग्राहकहरुमा अनुरोध गर्दछौँ । संस्थागत बिल बिना कारोबार गरेर दुःख नपाउनु हुन आदरणीय ग्राहक एवम् बजार प्रतिनिधिमा जानकारी गराउँदछौँ । साथै, यही पुस १ गतेबाट ग्राहक रकम भुक्तानीका लागि विवेचनाका प्रतिनिधि तपाईंकहाँ आउनुहुने समेत सम्पूर्ण ग्राहकहरुमा जानकारी गराउँदछौँ । ग्राहक रकम भुक्तानी गरी विवेचना प्रकाशन समूहलाई थप ऊर्जा प्रदान गर्नुहुने अपेक्षा गर्दै यहाँहरुको सल्लाह, सुझाव र सद्भावले नै हामी अघि बढ्न सक्ने विश्वास व्यक्त गर्दछौँ ।**

— प्रबन्धक

## १०० जनालाई ज्ञानज्योति SCHOLARSHIP

के तपाईं **Computer / Language** को
**क्षेत्रमा दक्ष बन्न चाहनुहुन्छ ?**

**PACIFIC EDUCATION FOUNDATION** को सक्रियतामा **देवी क्याम्पस स्ववियु, नेपाल आदिबासी जनजाति महासंघ (नेफिन)** र **दलित वर्ग उत्थान नगर समन्वय समिति, बिर्तामोड**को बहुपक्षीय सहकार्यमा सदा वर्षझैं यस वर्ष पनि १०० जनालाई **Computer** र **English Language** को कक्षाहरूमा छात्रवृत्ति प्रदान गरिने हुँदा इच्छुकले सम्पर्क गनुहोस् ।

पूर्ण कोटाहरू
- दलित, आदिबासी – २० जना
- अनाथ, असहाय, अपाङ्ग – २० जना
- एकल महिला द्वन्द्वपीडित – १० जना
- गरीब तथा जेहेन्दार – २० जना
- अन्य कोटाका लागि – ३० जना

SCHOLARSHIP
- 100% (१० जनालाई)
- 80% (२० जनालाई)
- 70% (३० जनालाई)
- 60% (४० जनालाई)

फर्म भर्ने अन्तिम मिति
**२०७४ पुस २० गते**
अन्तरवार्ता हुने मिति
**पुस २२ गते शनिबार**

**कोर्सहरू (Computer Training)**
- Computer Operator - I and II • Graphic Designing
- Prof. Accounting • A+ Hardware
- Hardware Engineering • Laptop Repairing
- ENGLISH LANGUAGE COURSE

फर्म शुल्क रू. १००/-

**फर्म पाइने स्थान**
**प्यासिफिक एजुकेसन फाउन्डेसन** शनिश्चरेरोड, बिर्तामोड
**देवी क्याम्पस स्ववियु** बिर्तामोड
**नेपाल आदिबासी जनजाति महासंघ (नेफिन)** नगर समन्वय समिति बिर्तामोड

**PACIFIC EDUCATION FOUNDATION PVT. LTD.**
Opposite of Everest Bank, Shanischare Road
Birtamode, Ph . 9842789425 | 9816958587
9806055543 | 9815907778

## Free Visa Free Ticket सहित Qatar मा पुरुष तथा महिलाहरुको लागि रोजगारिको अवसर

१. कम्पनी: ALL METHAQ CONDITIONING AND CLEANING SERVICE W.L.L शहर: DOHA मुलुक: Qatar
पूर्व स्वीकृत मिति: २०७४/१०/२३ चलानी नं.: 60103502 L.T. No.:181258

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | [illegible] | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | [illegible] | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | FEMALE CLEANERS | 0 | 100 | [illegible] | 1200 | 31,800 | कानुन अनुसार | ८ घण्टा | ६ दिन | कानुन अनुसार | छैन | छ | २ वर्ष |
| 2 | MALE CLEANERS | 100 | 0 | [illegible] | 1000 | 26,250 | | | | | | | |
| 3 | Beautician | 0 | 15 | [illegible] | 1400 | 37100 | | | | | छ | छ | |
| 4 | Waitress | | 15 | | 1400 | 37100 | | | | | | | |

**ALLTANZA GLOBAL PVT.LTD (KTM)**
Birtamode Contact : 9814961968, 9815959305
फाईनल अन्तर्वार्ता यहि पौष ०५ गते बुधवारका दिन यसै कार्यालयमा हुँदैछ ।


## निःशुल्क आधारभूत पत्रकारिता तालिम सम्बन्धी सूचना

विवेचना दैनिकको वार्षिक कार्ययोजनाअनुरूप यही मिति २०७४ साल पुस १२ गतेदेखि झापाका प्रत्येक स्थानीय तहमा १ दिने निःशुल्क आधारभूत पत्रकारिता तालिम सञ्चालन गर्ने कार्यक्रम तय भएको हुँदा देहाय बमोजिमका योग्यता पुगेका नेपाली नागरिकले तल उल्लेखित ठेगानामा निवेदन बुझाउन हुन अनुरोध गरिन्छ । पहिलोपटक झापाको शिवसताक्षीबाट तालिम सुरू हुनेछ । त्यसपछि क्रमैसँग अन्य स्थानीय तहमा तालिमको आयोजना हुने र सोको जानकारी विवेचना दैनिक पत्रिका, विवेचना अनलाइन र विवेचनाको अफिसियल फेसबुक पेजमा प्रकाशन गरिनेछ ।

**सर्त तथा जानकारी**

- प्रत्येक स्थानीय तहबाट बढीमा ४५ जनालाई तालिममा सहभागी गराइनेछ ।
- नगर वा गाउँपालिकाको प्रत्येक वडाबाट कम्तिमा २ जना महिला पर्ने गरी ४ जनालाई सहभागी गराइनेछ ।
- एक वडावाट ४ भन्दा बढी आवेदन पर्न गएमा विवेचना दैनिकको सम्पादन समूहले छनोट गर्नेछ । सहभागी छनोटकको सम्पूर्ण अधिकार विवेचना दैनिकमा निहित हुनेछ । छनोटको आधार – हस्त लिखित निवेदन, शैक्षिक योग्यताको प्रमाणपत्र लगायत हुने छन् ।
- स्थानीय तहका कम्तीमा पाँचवटा सामाजिक संघसंस्थाका प्रतिनिधिलाई पनि सो तालिममा सहभागी गराइनेछ । एक संस्था १ व्यक्ति तालिममा सहभागी हुनेछन् ।
- तालिममा सहभागी सबैले प्रमाणपत्र पाउनेछन् ।
- तालिममा सहभागी हुनेले कुनै पनि शुल्क भुक्तानी गर्नुपर्ने छैन ।

**आवश्यक कागजात**

१) नेपाली नागरिकताको प्रतिलिपि ।
२) न्यूनतम प्रवेशिका परीक्षा उत्तीर्ण गरेको लब्धाङ्क प्रमाणपत्रको प्रतिलिपि ।
३) तालिममा सहभागी हुने व्यक्तिले आफैँ लेखेको निवेदन ।
४) पासपोर्ट साइजको दुईप्रति फोटो ।
५) सामाजिक संघसंस्थाको हकमा संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि ।
६) संस्थाले तालिममा सहभागी गराउन चाहेको व्यक्तिको सिफारिस र सो व्यक्तिको उक्त संस्थामा हैसियत ।
७) दरखास्त **०७४ साल पुस १० गते**भित्रमा फायल गरी तल उल्लेखित स्थानमा बुझाउनु होला ।

- **पाथिभरा बुक्स एन्ड स्टेसनरी, झिलझिले, फोन नम्बर ०२३ ४७०३००, ९८५२६७६६७६**
- **मनकामना कम्प्युटर इन्स्टिच्युट, दुधे, फोन नम्बर ०२३ ४७०५२०**
- **शिवसताक्षी नगरपालिकाको सबै वडा कार्यालय**
- **विवेचना दैनिकको कार्यालय, बिर्तामोड (झापा) ०२३ ५४६४१०**

तालिम संयोजक : **विनोद सापकोटा**

विवेचना प्रकाशन समूहद्वारा प्रकाशित तथा राजु अफसेट प्रेसमा मुद्रित । कार्यालय : बिर्तामोड-४, झापा । फोन : ०२३-५४६४१० । Email : bibechana73@gmail .com । जि.प्र.का.द.नं. : ४१/०४६/५०
अध्यक्ष : तेजमणि प्रसाई । प्रबन्ध निर्देशक : नवीन खरेल । प्रबन्धक : एकराज प्रधान (९८४४६८६०३१) । समाचार सम्पादक : रमेश समदर्शी । कार्यकारी सम्पादक : विनोद सापकोटा । सम्पादक : हिमाल खरेल

## सम्पादकीय

# बेचबिखन रोकौँ

मानव बेचबिखनको जोखिममा पछिल्लो समय इलाम पर्दै गएको देखिएको छ । दलालले विभिन्न प्रलोभन देखाएर बेचबिखनका लागि भारत लैजान लागिएका ८१ जना महिलालाई नाकामा रोकेर नेपाल फर्काएको घटनाले थप चिन्ता थपिएको छ । मानव बेचबिखनका लागि भारत र तेस्रो मुलुक पुर्‍याउन झापा र इलामका नाका बढी प्रयोग हुँदै आएको छ । नेपालको पश्चिमी क्षेत्रबाट इलाम घुम्न लैजाने भन्दै दलालले फकाउने र इलाम आएपछि दार्जिलिङ घुम्न लैजाने भन्दै सीमा कटाउने गरेको पाइएको छ । दलालले शैली परिवर्तन गर्दै नेपाली किशोरी र महिलालाई लैजान थालेकाले सबै पक्ष चनाखो हुनुपर्ने बेला आएको छ । विगत दुई वर्षदेखि प्रत्येक वर्ष नेपालबाट झन्डै साढे आठ हजारजना बेचबिखन तथा ओसारपसारमा परेको राष्ट्रिय मानवअधिकार आयोगको प्रतिवेदनले देखाएको छ । भूकम्पपछिको अवस्थामा नेपालमा मानवबेचबिखन तथा ओसारपसारको क्रम बढेको थियो ।

मानव बेचबिखन तथा ओसारपसारको विषय नयाा होइन । पहिले-पहिले नेपाली महिलाहरुलाई बम्बईको कोठीमा बेच्ने कुराहरुको निकै चर्चा हुन्थ्यो । महिला, पुरुष, बालबालिका सबै बेचबिखनमा परिरहेका छन् । अभाव, दुःख, पीडामा रहेकाहरुलाई जागिर लगाइदिने, राम्रो काम दिलाइदिने प्रलोभन देखाउादै अनेकखाले झुटा बाचा गरेर धेरैलाई सजिलै आफ्नो जालमा पार्न सफल भइरहेका छन् । यौनधन्दा, श्रम शोषणदेखि अंग प्रत्यारोपणसम्मका लागि मानव बेचबिखन हुने गरेको छ । वैदेशिक रोजगारका नाममा बेचबिखन र ओसारपसारको क्रम झनै बढेको छ । खुला सीमा र गैरकानुनी बाटो भएर विदेश पुगेका कैयौा नागरिक बेचबिखनमा परेका छन् । मुलुकबाहिर मात्रै होइन, मुलुकभित्रै पनि बेचबिखनमा पर्नेहरुको संख्या ठूलो छ । त्यसैले, मानव बेचबिखन तथा ओसारपसारको क्रम रोक्न सबै पक्षको विशेष सतर्कताको खाचो छ ।

कानुनको प्रभावकारी कार्यान्वयन, निरन्तर निगरानी अनुगमन, सीमा नाकामा निगरानी केन्द्रको स्थापना र नागरिकहरुलाई सचेत पार्ने कामलाई सागसागै लैजानुपर्छ । नागरिकस्तरबाट पनि बेचबिखन रोक्न विशेष निगरानी बढाउनुपर्छ । सबैको सामुहिक प्रयत्नले मात्रै मान्छेले मान्छेलाई बेच्ने निकृष्ट काम रोक्न सम्भव हुन्छ । मानव बेचबिखनमा संलग्नलाई कडा कानुनी सजायको व्यवस्था गरेको खण्डमा पनि यस्ता घटनामा कमि आउनेछ । यतिका वर्षसम्म कानुन संशोधन र समायानुकूल परिमार्जन हुनसकेको छैन । वैदेशिक रोजगारी ऐनले मानव बेचबिखन, ओसारपसार र तस्करीजस्तो जटिल अपराधलाई ठगीको रुपमा परिभाषित गरेको छ । यस कारण अपराधीले थोरै दण्ड सजाय मात्र पाउने गरेका छन् भने पीडितले न्याय र उचित क्षतिपूर्ति पाउन सकेका छैनन् । सरकारले संविधानमै सजायको व्यवस्था गरेर कानुन कार्यान्वयनमा ल्याउन आवश्यक छ ।



## प्रेरणा

**जसले आफ्नो समय बर्बाद गर्‍यो, उसले यो बुझ्ने हुन्छ कि उसको एउटा पनि इच्छा पुरा हुँदैन, उसको जीवन सदा दुःखमय बित्नेछ त्यसैले समयलाई चिन ।**

**– ब्रर्टेण्ड रसेल**

## विश्व खबर

### फिलिपिन्समा आँधीबाट मर्नेको संख्या ४१ पुग्यो

**मनिला, पुस ४ ।** फिलिपिन्समा शनिबारदेखि सुरू भएको भीषण आँधीपछिको पहिरोमा परेका थप १० व्यक्तिको शव मंगलबार निकालेपछि यस प्रकोपमा ज्यान गुमाउने व्यक्तिको संख्या ४१ पुगेको छ ।

मध्य फिलिपिन्सको बिलिरन प्रान्तमा गएको पहिरोबाट थप १० व्यक्तिको शव निकालिएको सरकारी अधिकारीहरूले जानकारी दिएका छन् । बिलिरन प्रान्तको पहिरो प्रभावित क्षेत्रमा अझै पनि २३ व्यक्ति हराइरहेका सरकारका प्रवक्ताले सोमबार जानकारी दिएका छन् । 'काइ–ताक' नामक आँधी र त्यसलगत्तैको भीषण पहिरोका कारण कम्तीमा ४१ व्यक्तिको मृत्यु भएको राष्ट्रिय प्रकोप नियन्त्रण विभागका अधिकारीले सोमबार नै जानकारी दिएको थियो ।

### गुजरात र हिमाञ्चलमा भाजपाले सरकार बनाउने

**झापा, पुस ४ ।** भारतको गुजरात राज्यमा फेरि पनि भारतीय जनता पार्टी (भाजपा) ले सरकार बनाउने भएको छ ।

दुई चरणमा भएको विधानसभा चुनावको मतगणना सोमबार भएकोमा प्रधानमन्त्री नरेन्द्र मोदीको पार्टी भाजपाले सबैभन्दा धेरै सिट जितेको हो । १८२ सिटका लागि भएको चुनावमा गएको २२ वर्षदेखि सत्तामा रहेको भाजापाले ९९ सिट जितेको छ । भाजपा विजयी धेरै सिटमा विजयी भए पनि उसले सन् २०१२ चुनावमा जति सिट जित्न भने सकेन ।

राहुल गान्धीको फेरिएको चुनाव प्रचार शैली र भाषणको प्रभाव तथा युवा नेताका कारण कांग्रेसले भाजपासँगको दूरी कम गर्न सफल भएको छ । कांग्रेसले गुजरात विधानसभाका ७७ सिटमा जीत हासिल गरेको छ । भाजपाले स्पष्ट बहुमत ल्याए पनि कांग्रेसले चार वर्षअघिको चुनावमा भन्दा १६ सिट बढी जितेको छ ।

यस्तै हिमाञ्चलमा पनि बिजेपीले सरकार बनाउने भएको छ । ६८ विधानसभा सिट रहेको हिमाञ्चलमा बिजेपीले ४४ तथा कांग्रेसले २१ सिट जितेको छ ।

# सडक सुरक्षित बनाउन र दुर्घटना घटाउन के गर्नुपर्ला ?



## facebook बहस

**सडक असुरक्षित छ । साँघुरो, त्यसमाथि खाल्डाखुल्डी अनि सवारी चापको ठूलो समस्या । ट्राफिक नियम नजान्दा र जानी–जानी पनि नमान्दा अकालमा ज्यान गुमाउनु परिरहेको छ । प्रत्येक दिन दुर्घटना, मृत्युका दुःखद् समाचार हामीले सुन्नु परिरहेको छ । सडक सुरक्षा सम्बन्धी जनचेतना जगाउन र सवारी दुर्घटना कम गर्न कुन पक्षको कस्तो भूमिका आवश्यक पर्ला ? सरकार र नागरिकले सडकलाई सुरक्षित बनाउन के गर्नुपर्ला ? तपाईंले यो विषयलाई कसरी हेर्नु भएको छ ?**



**कमन देवान याक्का**

सवारी चापको तुलनामा सडक पूर्वाधार कम छ । जबसम्म सडक पूर्वाधारको आधार पर्याप्त हुँदैन, तबसम्म नियमन, कारबाही लगायत कुरा प्रभावकारी हुन सक्दैन । जस्तो, मापदण्ड नपुगेको खेल मैदानमा बार्सिलोना र रियल मेड्रिडले खेल खेले भने संसारका लागि त्यो भन्दा बोरिङ केही हुनेछैन । अम्पायर र अफिसियलले त आत्महत्या नै गर्लान् ।



**उमेश अविरल**

आज भोलि हरेक मान्छे घरबाट निस्केपछि गन्तव्यमा पुगिने हो, होइन भन्ने कुरा एकपटक मनमा उब्जिने गर्दछ । केही समय यता सवारी दुर्घटना एकदमै बढी भइरहेको छ । यस्ता दुर्घटनामा सरकार पक्षले ध्यान नदिएको पनि होइन । सर्वश्रेष्ठ प्राणी भनेर चिनिने हामी मानव जातिकै चरम लापरबाहीले गर्दा दुर्घटना तीव्र रूपमा वृद्धि हुँदैछ । सवारी दुर्घटनाको कारण बनेको साँघुरो बाटो पनि तीब्र रूपमा फराकिलो पारिँदैछ भने केही पूरा भइसकेका छन् । के सवारी दुर्घटनामा कमी आएको छ त ? एकपटक मनन गरौँ ।

जब दुर्घटना हुन्छ तब मात्र कुरा उठ्छ । मर्ने मरिजान्छ, घाइते जीवनभर अपाङ्ग जीवन गुजार्न बाध्य हुन्छ भने केही मात्र चोट लागेकाहरू ठूलो विपत्तिबाट बचियो भन्छ । तर, किन यस्तो भयो, के गरी सुरक्षित हुन सकिन्छ भन्ने कुरामा कसैको ध्यान गएको पाइँदैन ।

हामी मानव जाति सबैले आआफ्नो पक्षबाट सवारी दुर्घटना न्यूनीकरण वा निराकरणमा जिम्मेवार भई स्वयम् सुरक्षित हुन सकियो भने मात्र पनि दुर्घटना न्यून हुन जान्छ । सवारी दुर्घटना बृद्धि हुनुमा राज्य पक्षबाट केही कमी कमजोरी नभएको पनि होइन । सवारी नियम कानुन फितलो हुनु, अयोग्य व्यक्तिले सवारीचालक अनुमति पत्र पाउनु, गैरकानुनी तवरबाट अनुमति पत्र प्राप्त हुनु, ट्राफिक नियम पूर्ण पालना गराउन नसक्नु आदि राज्य पक्षका कमजोरी हुन् भन्न सकिन्छ ।

आजभोलि प्रायः सबै दुर्घटना मापसे गरी सवारी प्रयोग गर्दा भएको पाइन्छ । यसमा ट्राफिकले कडाइ गर्ने र चालक आफैँ पनि जिम्मेवारी भई मापसे नगरी सवारी चलाएमा दुर्घटना न्यूनीकरण हुने थियो कि !



**दुर्गा रिजाल**

वर्तमान नेपालको सडकको अवस्था भन्नुपर्दा एकदमै कस्टकर स्थितिमा रहेको छ, त्यसमाथिको फुटपाथमा व्यापार गर्ने र मानिसको आवतजावतको बाटोको रूपमा पनि राजमार्ग प्रयोगले दुर्घटना दिन प्रतिदिन बढ्नु दुःखदायी कुरा हो, अहिले यस्तोसम्म स्थिति छ कि कोही बिरामी भएर अस्पताल लैजाँदा समेत बिग्रेको सडक तथा अव्यवस्थित सवारीसाधनका कारण समयमा अस्पताल नपुगी बिरामीको बाटोमै मृत्यु समेत भएका छन् । यसलाई सुधार गर्नका निम्ति त छोटो समयमा फुटपाथलाई सडक क्षेत्रबाट हटाउनु, सवारीसाधनका प्रकार हेरेर निषेधित क्षेत्र बनाउने र दीर्घकालीनका लागि क्रमशः सडक विस्तार तथा सडकको गुणस्तरमा सुधार गर्दै लैजानु पर्नेछ ।



**विसरराज चुडाल**

सर्वप्रथम ट्राफिक नियमको पालना गर्न अत्यन्त जरूरी छ र ट्राफिक नियम हाम्रै सुरक्षाको लागि हो भनेर सबैमा जनचेतना हुन जरूरी छ । मादकपदार्थ पिई सवारीसाधन चलाउनु हुन्न भनेर ज्ञान हुँदाहुँदै पनि मादकपदार्थ पिई सवारी चलाउने धेरै छन् । हो, यस्तालाई कारबाही गर्न जरूरी छ । आफू यात्रा गर्दै गरेको यातायातको चालकले कुन गतिमा गाडी कुदाउँदै छ, कुन तरिकाले गाडी चलाउँदैछ जान्न जरूरी छ । सरकारले बाटो बनाउन बजेट पेश गर्छ । तर, उचित ढङ्गले बजेटको प्रयोग भयो कि भएन भनेर अनुगमन गर्न जरूरी छ । यस्ता काम सरकारको मात्रै पनि होइन, हाम्रो पनि कर्तव्य हो भनी एकजुट हुन जरूरी छ । सडकमा पराल छ्वाली सुकाउने काम गर्न हुन्न । गाईवस्तुले सडक जाम लगाउने भएकाले गाईवस्तु पनि भरिसके सडक छेउछाउ ओहोरदोहोर नगाराऔँ । बृद्धबृद्धा अवस्थाका मानिसलाई सडकमा एक्लै ओहोरदोहोर गर्न नलगाउने । लामो दूरीसम्म पुग्ने यातायातको चालकको मेडिकल गरिरहन जरूरी छ । कसैको क्षतिले हामीलाई केही फाइदा पुग्दैन, ट्राफिक नियम हाम्रै लागि हो, बुझ्न जरूरी छ ।



**सिर्न भुपेश**

१. ट्राफिक नियमको सबैले पालना गर्ने पैदल यात्रीसहित
२. सडकको लेन बुझिने गरी बनाउने र लेनको पालना गर्ने
३. ट्राफिक चिन्हहरू अध्यावधिक गर्ने र पालना गर्ने
४. जहाँत्यही ओभर टेक नगर्ने
५. गति कम गर्ने
६. सडकको अवस्था सुधार गर्ने
७. सडक सबैको हो, धैर्य भई कुदाउने र हिँड्ने



**बी.एन पौडेल**

नेपालका सडकहरूको विस्तार गर्नुका साथै सही तरिकाले जनता समक्ष ट्राफिक नियमको जानकारी दिनु आवश्यक छ । विभिन्न दुर्घटनाग्रस्त क्षेत्रहरूमा जनतालाई सजग गराउनु पर्दछ ।



**अंकित अग्रवाल**

सर्वप्रथम सरकारले भत्किएको सडकलाई पुनः निर्माण गर्नुपर्छ । सडक जाँच गर्न सडक विभागले ध्यानाकर्षण गर्नु आवश्यक छ । अनि ती घुसिया नेताहरू, जो देश बनाउने भन्दै मत माग्ने अनि बाटो समेत नबनाउने र सर्वसाधारण ओहोरदोहोर गर्न पनि जोखिम मोल्न बाध्य बनाउनेलाई कारबाही गर्नुपर्छ । सर्वसाधारणले सवारीसाधन चलाउँदा ट्राफिक नियमको पालना गर्दा दुर्घटना हुने सम्भावना कम रहनेछ ।



**स्वविवेक मन**

सर्वप्रथम त सवारी चालक आफैँ सजग रहनु पर्छ । सुरक्षित सडकको लागि सरोकारवालाहरूको पनि ध्यान जान जरूरी छ । आम जनसमुदायमा ट्राफिक नियमको बारेमा जनचेतना जगाउनु पर्दछ।



**दिलबहादुर कार्की**

सडकलाई व्यवस्थापन गर्ने कार्य सरकारको हो । सरकारले सडकलाई राम्रो बनाउनेतर्फ लाग्नु पर्छ । सडकको राम्रोसँग मर्मत गर्ने र नियमलाई लागू गर्न सक्नुपर्छ । यति गरेपछि सर्वसाधारणले आफ्नो कर्तव्य सम्झेर नियन्त्रित रूपमा सवारीसाधन चलाउनु पर्छ । यसो गरेमा दुर्घटना घटाउन सकिन्छ ।



**शिव सुवेदी**

सवारी चापले गर्दा अकालमा धेरैको ज्यान गएको छ । छिटोभन्दा छिटो स्तर अनुसारका सवारी ट्रयाक बनाउन जरूरी छ । यसले बाटो, सवारी र मान्छेको जीवन रक्षाका लागि सहयोग हुनेछ ।



**प्रमोद शाह रौनियार**

प्रश्नमै उत्तर छ, सर्वप्रथम त बाटो राम्रो हुनुपर्‍यो । त्यससँगै सजगता जरूरी छ ।



**वेदप्रकाश दवाडी**

पछिल्लो समयमा नेपालका धेरै सर्वसाधारण जनताको सडक दुर्घटनाका कारण अकालमै ज्यान गएको समाचार हामी दिनहुँ सुन्ने गर्छौं । प्रत्येक दिन नेपालमा कम्तीमा पनि एक–दुईवटा सडक दुर्घटना हुने गरेको छ । घरबाट सकुशल बाहिर निस्केको व्यक्ति घर फर्केर आउने हो या होइन सबैमा त्रास उत्पन्न हुने गर्छ । कतिपय दुर्घटना सवारी चालकले सजगता अपनाउँदा–अपनाउँदै भएका छन् भने कतिपय दुर्घटना चालकको चरम लापरबाहीका कारण पनि हुने गर्छन् । अर्को कुरा त नेपालका कतिपय सडक सवारी र चालकमैत्री पनि छैनन् । कतिपय सवारीचालक र यात्रुलाई आधारभूत ट्राफिक नियमको समेत ज्ञान नभएर दुर्घटना हुने गर्छ ।

सडक दुर्घटना कम गर्नको निमित्त सवारीचालक र यात्रु स्वयम् सचेत हुनुपर्छ । सबै सवारी चालक र यात्रु वर्गमा आधारभूत ट्राफिक नियमको बारेमा जानकारी हुन आवश्यक छ । सबै सवारी चालकले तीव्र गति जीवनको क्षति भन्ने उक्तिलाई आत्मसात् गर्नु पर्दछ । स्कुले विद्यार्थीलाई कक्षामा महिनैपिच्छे एकपटक ट्राफिक नियमको बारेमा जानकारी दिनु पर्दछ । धेरै दुर्घटना असुरक्षित सडकको कारणले हुने हुँदा सबै सडकलाई यातायातमैत्री बनाउन सम्बन्धित सरोकारवालाको ध्यानाकर्षण हुनु जरूरी छ । धेरै पुराना सवारी चलाउन रोक लगाउनुपर्छ । असुरक्षित यात्रा हाम्रो मृत्युको कारण हो भन्ने चेतना सबै यात्रु तथा चालकमा आई सबैले ट्राफिक नियमको प्रभावकारी तरिकाले पालना गरेमा सडक दुर्घटना सधैँको लागि अन्त्य हुने थियो ।



**अमित संग्रौला**

सर्वप्रथम हामी सबैले ट्राफिक नियमको पालना गर्न सक्नुपर्‍यो । ट्राफिक नियम सम्बन्धी जनचेतना सर्वसाधारणलाई दिनुपर्छ । यसमा सजकता हुनुपर्छ । किनकि बेलैमा सजक बन्दैनौ र पछि गएर पश्चाताप गर्छौं, अनि अरूलाई दोष दिन्छौं । आलोचनाको शिकार बन्न पुग्छौं । जता हेर्‍यो उतै सडक साँघुरो र असुरक्षित छ । त्यसैले सडक निर्माण गरिनु आवश्यक छ । यातायात सवारीसाधन चलाउँदा मदिराजन्य पदार्थको सेवन गर्नु भएन । पैदल यात्रीले जेब्रा क्रसिङबाट नै हिँड्ने बानी गर्नुपर्छ । सवारीसाधन चलाउँदा सजग भएर चलाउनु पर्छ । एक घन्टामा ४० किलोमिटर कुदाउन पाउने नियम छ भने त्यही नियमभित्र नै कुदाउनु पर्दछ । ट्राफिक नियमको पालना पैदल यात्री र सवारीचालक दुवैले गर्नुपर्छ । यसमा पनि घुसखोरी भ्रष्टाचार हुने गरेको पाइएको छ । यस्ता विकृति मौलाउन दिनु भएन । लाइसेन्सबिना कुदाएको पाइएमा कारबाही हुनुपर्छ । आआफ्नो नियममा बसेर । अनुशासित र मर्यादामा रहेर । आआफ्नो जिम्मेवारबहन गर्ने । यस कुरामा सरकारको विशेष ध्यान दिएर सडक निर्माण गरेर । दुर्घटना न्यूनीकरण सम्बन्धी जनचेतना फैलाउन सके दुर्घटना घटाउन सकिन्छ ।



**रञ्जन**

सर्वप्रथम विवेचनालाई धन्यवाद ! आजकल दिनहुँ जसो सडक दुर्घटनाका समाचार आउने गर्छन् । हामी सबैलाई थाहा छँदैछ कि हाम्रो देशको सडकको अवस्था । एक त साँगरो, त्यसमाथि सवारीको बढी चाप अनि सवारीसाधनहरूको तीव्र गति । तसर्थ, सडक दुर्घटना कम गर्न सबै पक्षको भूमिका अत्यन्तै महत्वपूर्ण छ ।

सवारी चालकले सम्यमित तरिकाले सवारी चलाउने, हामी मानिसले सडकमा हिँडडुल गर्दा वा बाटो काट्दा सावधानी अपनाउने, कति दुर्घटना त घरपालुवा जनावरले गर्दा नि हुने गर्छन् । त्यसैले आफ्नो घरपालुवा जनावरको उचित व्यवस्थापन गर्नु पर्दछ ।

साथै, ड्युटीमा खट्नु भएका ट्राफिक प्रहरीले नि आआफ्नो जिम्मेवारी ध्यानपूर्वक निर्वाह गर्ने, ट्राफिक नियमको पालना कडाइका साथ लागू गराउने आदि जस्ता काम गर्न सकियो भने पनि सडक दुर्घटनामा कमी ल्याउन सकिन्छ, जस्तो लाग्छ ।



**अनुस किराती**

सर्वप्रथम सवारीचालक आफूमा नै सुरक्षित हुनु आवश्यक छ । र, यसमा सरोकार पक्षको ध्यान जानुपर्नेमा जोड दिनुपर्ने देखिन्छ । नेपालको मुख्य समस्यामध्ये एक सडकको अवस्था पनि हो । सरकारले सडक निर्माण गर्दै छिटो र बर्खायाममा मात्र निर्माण कार्य सुरूवात गर्नु सरकार पक्षको एक कमजोरी हो । सरकारले सडकलाई राम्रो बनाउनुतर्फ लाग्नु पर्छ । सडक राम्रो र खुल्ला भए दुर्घटनामा कमी आउँछ, सडक सानो हुनाले सवारी चाप के कारण प्रायः जसो दुर्घटना भएको पाइन्छ । सरकारले चाडै सवारी ट्र्याक बनाउन जरूरी छ । यसो गर्नाले बाटो, सवारी र मानव जीवनरक्षाका लागि उपयुक्त हुनेछ । अर्को कुरा सरकारले भत्किएका सडकलाई पूर्ण निर्माण गर्नु जरूरी देखिन्छ र सवारीचालकले ट्राफिक नियम पालना गरे दुर्घटनाबाट बच्न सकिन्छ ।



**भट्टराई सुजन**

सडक दुर्घटना अहिलेको समयमा सक्रिय प्रमुख समस्या हो । सडक दुर्घटनाबाट देशमा दैनिकजसो ४/५ जनाको ज्यान गहिरहेको छ भने सामान्य दुर्घटनाको संख्या तीव्र बढिरहेको छ । सडक आफैँमा एक निश्चित आकारमा रहेको भौतिक जमिनको रूप हो । यो निश्चित आकारकै रहन्छ । तर यातायातका साधनहरू भने दैनिक सयौँको सङ्ख्यामा थपिने हुन्छ । यसवाट सडकमा सवारी चाप बढ्न जान्छ । त्यसैगरी, चालकको लापर्वाही र लागुपदार्थ सेवन पनि अहिलेको समयमा दुर्घटनाको प्रमुख कारण हो । यसो भन्दैमा सबै दोष चालक र सडकको आकारमा मात्र दिन मिल्दैन । सडक दुर्घटनामा लाइसेन्स सम्बन्धी समस्या पनि प्रमुख बन्दै गएको छ । अपरिपक्व चालकलाई पैसाको भरमा लाइसेन्स बाँड्ने प्रवृति पनि बढेको छ । सडकमा ट्राफिक नियम स्पष्ट नहुनु, ट्राफिकहरू पैसामा बिक्नु पनि प्रमुख समस्या हो जस्तो लाग्छ ।

यसलाई नियन्त्रण गर्न पहिले लाइसेन्स किन्न पाउनु भएन, सडक फराकिलो बनाउनु पर्‍यो, ट्राफिक नियम चिन्ह प्रष्ट हुनुपर्‍यो र ट्राफिकहरू आफ्नो पेसाप्रति सक्रिय र उत्तरदायी हुनुपर्‍यो ।



**झापाली ठिटो**

नेपालको मुख्य समस्या मध्ये सडकको अवस्था पनि एक हो । सडकको नराम्रो अवस्थाले गर्दा धेरै दुर्घटना हुने गरेको छ । सर्वप्रथम त सडकलाई व्यवस्थापन गर्न जरूरी छ । नेपाल सरकारले सडकको अवस्था बुझेर यस्तो हुनुमा हामी जिम्मेवार व्यक्तिमा काम गर्नु पर्छ भन्ने भावना हुनुपर्छ । आफू अघि जाने हिसाबले कसैलाई पनि ओभरट्याक गर्नु हुँदैन । दुर्घटना बाजा बजाएर आउँदैन । तसर्थ सवारी हाँक्ने व्यक्तिले नै विचार गरेर हाँक्न जरूरी छ । सबै चालकलाई ट्राफिक नियमबारे जानकारी हुनुपर्छ । सरकारले पनि सक्षम व्यक्तिलाई मात्र सवारीचालकको प्रमाणपत्र दिने गर्नु पर्दछ । यसो गरेमा दुर्घटना कम गर्न सकिन्छ ।

**फेसबुकमा हामीलाई खोज्नुहोस् : Bibechana Page**

